लोक सेवा आयोग

कृषि विकास बैंक लिमिटेड

व्यवसाय साहायक (सहायक स्तर) तह – ५

२०७४/१०/०५

पत्र : प्रथम

समय : ३ घन्टा पूर्णाङ्क : १००

विषय : बैंकिङ, कानून, लेखा र आर्थिक विकास सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्दछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

## समूह (क) ५० अङ्क

१. नेपालमा बैंकिङ क्षेत्रको विकासक्रमको संक्षिप्त व्याख्या गर्दै यस क्षेत्रका वर्तमान चुनौतीहरू स्पष्ट गर्नुहोस्। १०

२. नेपालको आधुनिक बैंकिङ्ग प्रणालीमा के कस्ता प्रविधिमैत्री सेवाहरू प्रचलनमा छन् ? उक्त सेवाहरूको बढ्दो प्रयोगसँगै सृजित फाइदा तथा जोखिम उल्लेख गर्नुहोस्। १०

३. बैकिङ्ग कर्जा भनेको के हो ? गुणस्तरीय कर्जा लगानीका कारक तत्त्वहरू के के हुन् ? लेख्नुहोस्। १०

४. बैंकहरूले के कस्ता प्रकारका जोखिमको व्यवस्थापन गर्नुपर्ने हुन्छ ? सविस्तार वर्णन गर्नुहोस्। १०

५. सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ अनुसार कस्तो कसुरलाई सम्पत्ति शुद्धीकरण कसुर मानिने व्यवस्था छ ? साथै उक्त ऐन सूचक संस्थाले के–कस्तो कार्य गर्दा ग्राहकको पहिचान गर्नुपर्ने व्यवस्था रहेको छ ? उल्लेख गर्नुहोस्। ५ + ५ = १०

## समूह (ख) ५० अङ्क

६. वासालत कसरी तयार गरिन्छ ? नगद प्रवाह विवरणमा के–के कुराहरू समावेश हुन्छन् ? लेख्नुहोस्। ५ + ५ = १०

७. ह्रास कट्टी भनेको के हो ? यो कति प्रकारले गरिन्छ ? उदाहरणसहित स्पष्ट पार्नुहोस्। ३ + ७ = १०

८. मौद्रिक नीतिको परिभाषा दिँदै नेपालको मौद्रिक अधिकारीक रूपमा नेपाल राष्ट्र बैंकका कार्यहरू उल्लेख गर्नुहोस्। ३ + ७ = १०

९. वित्तीय विवरण तयार गर्ने तरिकाहरू उल्लेख गर्नुहोस्। वित्तीय विवरणमा कुन कुन मुख्या सूचकहरू समावेश गरिएको हुन्छ ? उदाहरणसहित लेख्नुहोस्। १०

१०. नेपालको आर्थिक विकासको सन्दर्भमा खासगरी कृषि तथा ग्रामीण विकासको क्षेत्रमा कृषि विकास बैंकको भूमिका र बैंकले गरेका कामहरूबाट परेको प्रभावबारे बुँदागत टिप्पणी गर्नुहोस्। १०

❑❑❑

**लोक सेवा आयोग**

**कृषि विकास बैंक लिमिटेड**

**व्यवसायीक (सहायक स्तर) तह – ५**

**२०७४/०५/०५**

**पत्रः द्वितीय**

**समयः ३ घण्टा** **पूर्णाङ्कः १००**

**विषयः सेवासम्बन्धी**

प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजीमध्ये कुनै एक माध्यम हुनेछ।

१. कृषि विकास बैंकको दक्षता र प्रभावकारीता वृद्धि गर्न विद्यमान मानव संशाधन व्यवस्थापन कत्तिको उपयुक्त छ ? बयान गर्नुहोस्। हाल नेपाल राष्ट्र बैंक लगायत सरकारी स्वामित्वका बैंकहरूमा कर्मचारीको अवकाशको लागि ३९ वर्षे सेवा अवधि हटाई ५८ वर्ष उमेर हद राख्नुपर्छ भनने आवाज उठ्दै आएको छ। यसले कर्मचारीहरूको वृत्तिविकास र कार्य सम्पादनमा पर्न सक्ने प्रभावबारे आफ्नो धारणा तर्कसहित पुष्टि गर्नुहोस्। २०

२. देशको ग्रामीण तथा दुर्गम क्षेत्रमा लघुवित्त सेवामा विस्तार गर्ने उद्देश्यले चार दर्जनभन्दा बढी थोक तथा खुद्रा कर्जा प्रदान गर्ने लघुवित्त संस्थाहरूको स्थापना भइसके तापनि अझै जनसंख्याको ठूलो भाग संस्थागत लघुकर्जाको पहुँचभन्दा बाहिरै रहेका छन्। यस्तो हुनुका कारणहरूको पहिचान गरी वित्तीय समावेशहकिरण र वित्तीय पहुँच अभिवृद्धिमा कृषि विकास बैंक लिमिटेडले खेल्न सक्ने भूमिकाबारे चर्चा गर्नुहोस्। २०

३. तरलता जोखमिको परिचय दिँदै कृषि विकास बैंक लिमिटेडले तरलता जोखिम व्यवस्थापनमा अपनाउने गरेको विधिहरूको समीक्षा गर्नुहोस। साथै कृषि विकास बैंकको हालको निक्षेप संरचनाको अवस्था उल्लेख गर्दै यसबाट पर्न सक्ने प्रभावको आकलन गरी सुझावसमेत प्रस्तुत गनुहोस्।

४. कर्जा व्यवस्थापनअन्तर्गत समेटिने विषयहरू उल्लेख गरी कृषि विकास बैंकका कजा कार्यविधि, कर्जा असुली कार्यविधि र कर्जा अपलेखन कार्यविधिबार समीक्षा गर्नुहोस्।

५. नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूमा संस्थागत सुशासन कायम गर्न बकका सञ्चालक र कर्मचारीले पालना गर्नपर्ने आचरणहरूबारे व्यवस्था गरेका छ। व्यवस्थाको विवेचना गर्दै संस्थाको सुशासन कायम गर्न पो पर्याप्त छ, छैन। विश्लेषणसहित आफ्नो भनाइ पुष्टि गर्नुहोस्।

❑❑❑

## लोक सेवा आयोग
## कृषि विकास बैंक लिमिटेड
## व्यवसायीक (सहायक स्तर) तह – ५
## २०७४/०५/०५

पत्रः द्वितीय

समयः ३ घण्टा — पूर्णाङ्कः १००

### विषयः सेवासम्बन्धी

| |
|---|
| प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजीमध्ये कुनै एक माध्यम हुनेछ। |

१. नेपालमा व्यावसायिक कृषि विकासको विषयमा नीति, नियम बने तापनि कार्यान्वयन पक्ष र प्रगति कमजोर भइरहेको छ। व्यावसायिक कृषि विकासका प्रयास उपलब्धिमूलक नहुनुका कारणहरू केके हुन् ? यसम्बन्धी सम्भावना र चुनौतीहरूको विश्लेषण गर्दै कृषि विकास बैंकको भूमिकाको मूल्यांकन गर्नुहोस्। २०

२. आधुनिक बैंकिङ र ग्रामीण एवं दुर्गम क्षेत्रमा सेवा विस्तारको दृष्टिले कृषि विकास बैंकको स्थान अग्रस्थानमा आउँछ। त्यस्तो क्षेत्रमा काम गर्ने कर्मचारीको उपयुक्त वृत्तिविकास वाञ्छित हन्छ। यस सन्दर्भमा कर्मचारीहरूको क्षमता प्रतिस्पर्धात्मक बनाउन र वृत्तिविकासमा योगदान पुयाउने क्रममा हालको मानव संशाधन नीतिको समीक्षा गर्दै बदलिँदो परिस्थितिमा कस्तो मानव संशाधन नीति अख्तियार गर्नुपर्ला ? २०

३. कृषि विकास बैंकले सुचना प्रविधिको प्रयोगमा निकै अग्रसरता देखाएको छ। मुलुकका धेरै शाखदा दुर्गम र ग्रामीण क्षेत्रमा समेत जनशक्ति, बिजली र सुरक्षाको कमजोर अनुभूति हुँदाहुँदै पनि क्षमता र सम्भाव्यताले भ्याएसम्म विद्यतीय अनलाइन कारोबार अपनाएको छ। यस सन्दर्भमा देखिएका कमजोरी र जोखिमको विश्लेषण गर्दै कृषि विकास बैंकलाई कसरी अत्याधुनिक प्रविधि मैत्री वनाउन सकिएला ? रणनीतिक सुझाव दिनेहास्। २०

४. नेपालको केन्द्रीय बैंकको रूपमा रहेको राष्ट्र बैंकले आवश्यकताभन्दा बढी नै नियमन गर्न थालेको वा उपयुक्त तहमै नियमन गरिरहेको के महसुस गर्नुहुन्छ ? यसबारेमा आफ्नो धारणा प्रष्ट पार्दै बैंक तथा वित्तीय क्षेत्रको उपयुक्त नियमनको लागि राष्ट्र बैंकसमक्ष आफ्नो सुझाव प्रस्तुत गर्नुहोस्। २०

५. बैंक तथा वित्तिय संस्थाहरूको खराब कर्जाको लागि Loan Loss Provision गरिने भए तापनि निश्चित समयपश्चात् अनिवार्य किताब अपलेखन गर्ने व्यवस्था कायम गरिएकोले वासलातबाट यस्तो हिसाव हटाउन पाइने भए तापनि अन्ततः त्यस्तो कर्जाको साँवा व्याज असुल बढ्न सक्ने सम्भावना देखिन्छ। यस्तो अवस्थामा त्यस्ता कर्जा असुली गर्न अन्तर्राष्ट्रिय प्रचलनअनुसार के कस्ता विशेषीकृत संस्थाले स्थापनार्थ कुन कुन निकायको के कस्तो भूमिका रहने देख्नुहुन्छ ? निम्नानुसार प्रस्तुत गर्नुहोस्। २०

(क) समस्याको पहिचान

(ख) मौजुदा नीति र कार्यक्रम

(ग) समाधानका सुझावहरू

(घ) सुझाव कार्यान्वयन, अनुगमन र मूल्यांकनको ठोस तरिका

❑❑❑

## कृषि विकास बैंक लिमिटेड

### व्यवसाय सहायक पदको खुला तथा समावेशी प्रतियोगीतात्मक

### लिखित परिक्षाको पश्नपत्र

### २०७२ / १२ / ६

पत्र : प्रथम | पूर्णाङ्क : १००

समय : २ घण्टा ३० मिनेट

### विषय : सामान्य ज्ञान, बैंक र गणित तथा तथ्याङ्क सम्बन्धी

### खण्ड : 'क'

(२० × १ = २०)

तलका वस्तुगत पश्नहरूको उत्तर दिनुहोस्।

१. विश्व औद्योगिक क्रन्तिको सुरूवात कुन देशबाट भयो ?

२. क्षेत्रफलको आधारमा नेपालको सबैभन्दा ठूलो जिल्ला कुने हो ?

३. १५–५९ उमेर समूहको जनसंख्यालाई के भनिन्छ ?

४. सार्क गरिबी निवारण दशक कहिलेदेखि सुरु भएको हो ?

५. SAFTA को पूर्ण रूप लेख्नुहोस्।

६. कुन हिमाललाई लेडिज पिक पनि भनिन्छ ?

७. २०७२ वैशाखमा गएको भूकम्पबाट कति रुपैंयां बराबरको क्षति भएको थियो ?

८. पहिलो संविधानसभाको निर्वाचन कुन मितिमा भएको थियो ?

९. कृषि विकास बैंक साधारण चुक्ता पुँजी कति छ ?

१०. शनिबार बिदा दिने चलन कुन प्रधानमन्त्रीको पालादेखि सुरु भएको हो ?

११. नेपलाको वित्तिय नीतिको तर्जुमा नगर्ने निकाय कुन हो रु

१२. सन् २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका कतिओटा लक्ष्यहरू छन् ?

१३. प्रकृतिको कुचिकार भनेको कुन पक्षीलाई जनाउँछ ?

१४. आर्थिक वर्ष २०७१–७२ मा कृषि विकास बैंकको सञ्चालन मुनाफा कति थियो ?

१५. नेपालमा साना किसान विकास कार्यक्रम कहिलेदेखि सुरु भयो ?

१६. टिंकर नाका कुन जिल्लामा पर्दछ ?

१७. सार्कको प्रतीक चिन्ह बनाउने नेपालीको नाम लेख्नुहोस्।

१८. क्षेत्रफलको हिसाबले सबैभन्दा सानो जिल्ला कुने हो ?

१९. वि.स. २०७४ असार मसान्तसम्ममा वाणिज्य बैंकहरूको चुक्ता पूँजी अनिवार्य रूपमा कति रुपैंया पुग्नुपर्ने छ ?

२०. वैदेशिक रोजगारका लागि कुन देश नेपालको प्रमुख गन्तव्य बनेको छ ?

### खण्ड : 'ख'

तलका पश्नहरूको छोटो उत्तर दिनुहोस्। $(12 \times 5 = 60)$

१. Electronic money भन्नाले के बुझिन्छ ?

२. कृषि विकास बैंकले प्रदान गर्ने सेवाहरू के के हुन् ? उल्लेख गर्नुहोस्।

३. बैंक तथा वित्तिय संस्थाहरूको वर्गिकरण औचित्यबारे प्रकाश पार्नुहोस्।

४. कृषि विकास बैंकको खराब कर्जा नियन्त्रण गर्ने उपायहरू बताउनुहोस्।

५. बैंक तथा वित्तीय संस्थाहरूको पुँजी कोष भनेको के हो ? जानकारी गराउनुहोस् ।

६. मुद्रा निर्मलीकरणबारे जानकारी गराउनुहोस्।

७. बैंकहरूको बैंकको पमा नेपाल राष्ट्र बैंकको समालोचनात्मक भूमिका उल्लेख गर्नुहोस्।

८. व्यापार सन्तुलन (Trade balance) का बारेमा जानकारी गराउनुहोस्।

९. रामकृष्णले रु १,००० एभरेष्ट बैंक र नबिल बैंकमा एकै दिन मद्दती खातामा जम्मा गरेको रहेछ। दुवै बैंकले वार्षिक १२ प्रतिशत ब्याजदर दिएछन्। एभरेष्ट बैंकले अर्धवार्षिक चक्रीय ब्याज दिन्छ भने नबिलले वार्षिक चक्रीय ब्याज दिन्छ। अब २ वषडुमा कसले कति कति ब्याज दिने रहेछन ? गणना गर्नुहोस्।

१०. एउटा विक्रेताले रु १४५०० मा एउटा दराज बिक्री गर्दा १५ प्रतिशत मुनाफा गरेछ भने उक्त दराजको लागत मूल्य कति होला ?

११. एउटा विद्यालयमा ६०० जना विद्यार्थी रहेछन्। केटा र कटीको अनुपात ३:५ छ भने उक्त विद्यालयमा कति जना केटा र कटी रहेछन्।

१२. कुनै वर्ष नेपालले एउटा भंसार नाकाबाट रु. ३१५ करोडको समान निर्यात गरेछ र रु. ९४९ करोडको समान आयात गरेछ भने आयत निर्यातको अनुपात कति हुन आउँछ ?

□□□

# कृषि विकास बैंक लिमिटेड

## व्यवसाय सहायक पदको खुला तथा समावेशी प्रतियोगीतात्मक

## लिखित परिक्षाको पशनपत्र

२०७२ / १२ / ७

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : सेवा सम्बन्धी

| नोट : प्रश्नको उत्तर दिंदा नेपाली वा अंग्रजी माध्यमबाट किन सकिने छ। |
|---|

### खण्ड : 'क'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्।** १० × ५ = ५०

१. सन्तुलन परीक्षण (Trial Balance) भन्नाले के बुझ्नुहुन्छ ? सन्तुलन परीक्षणमा दुवै पक्षको योग समान कुन किन आवश्यक छ ? ३ + २

२. नाफा नोक्सान खाता र वासलातमा के फरक हुन्छ ? तर्क सहित लेख्नुहोस्। ५

३. व्यवस्थापनको नविन अवधारणाको चर्चा गर्नुहोस्। ५

४. सम्पत्ति शुद्धिकरणको परिभाषा दिनुहोस्। ५

५. अर्थतन्त्रमा पूँजी बजार (Capital Market) को आवश्यकता र भूमिकाबारे स्पष्ट पार्नुहोस्। २.५ + २.५

६. वित्तिय नीति र मौद्रिक नीतिमा के फरक हुन्छ ? विश्लेषण गर्नुहोस्। ५

७. बैंकिङ्ग क्षेत्रको विकास वर विस्तारमा सूचना प्रविधिको उपयोगले गरेको योगदान बारेमा विश्लेषण गर्नुहोस्। ५

८. कम्प्युटर प्रविधिमा Input Device र output Device) भन्नाले के बुझ्नुहुन्छ ? उदाहरणसहित चर्चा गर्नुहोस्। २.५ + २.५

९. System Software र Application Software का बीचमा रहेका समानता र असमानताहरू छुट्याउनुहोस्। २.५ + २.५

१०. Internet को परिभाषा गर्दै Internet र Intranet मा के फरक छ ? उल्लेख गर्नुहोस्। २.५ + २.५

### खण्ड : 'ख'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस्।** ५ × १० = ५०

१. आन्तरिक नियन्त्रण प्रणालीको परिभाषा गर्दै (कृषि राष्ट्रिय वाणिज्य विकास) बैंकले अपनाएको नियन्त्रण प्रणालीको मूल्यांकन गर्नुहोस्। ५ + ५

२. कृषि विकास बैंकले आफ्ना सेवाहरूको बजारीकरण (Marketing) गर्न अवलम्बन गरेका प्रयासहरूको उदाहरणसहित विश्लेषण गर्नुहोस्। १०

३. ग्राहकसँगको सम्बन्धमा समस्या आउने कारणहरू के के हुन सक्दछन् ? तिनीहरूलाई कसरी व्यवस्थापन गर्न सकिन्छ सुझाव दिनुहोस्। ५ + ५

४. नेपालको अर्थतन्त्रको सूचाकांहरू कमजोर रहँदा रहँदै पनि शेयरबजार उकालो लाग्दै जानुका कारण्चाहरूको विश्लेषण गुर्नहोस्। १०

५. मुद्रास्फीति (Inflation) को परिभाषा गर्दै नेपालमा मुद्रास्फीति बढ्नुमा माग भन्दा आपूर्ति पक्ष बढी जिम्मेवार छ भनिन्छ किन ? पुष्ट्याई गर्नुहोस्। ६ + ४

□□□